## सूचनाको हक र यसको प्रयोग बारे

# सूचना सामग्री



सूचनाको हक

Media Advocacy Group MAG 2064 Nepal

CECI CENTRE FOR INTERNATIONAL STUDIES AND COOPERATION

PRAN Program for Accountability in Nepal

**सूचनाको हक र यसको प्रयोगबारे**

# सूचना सामग्री

संयोजन : कृष्मा शर्मा

सम्पादन : बबिता बस्नेत

प्रथम प्रकाशन : २०७०

प्रकाशित प्रति : ७००

सर्वाधिकार : प्रकाशकमा

डिजाइन/मुद्रण व्यवस्थापन : एम्ज् माउस, पुतलीसडक
msmouse@wlink.com.np

**प्रकाशक :**

**मिडिया एड्भोकेसी ग्रुप (म्याग)**
पोष्ट बक्स नं. १९७
कुपण्डोल, ललितपुर, नेपाल
फोन नं. : ५०११७९३
फ्याक्स नं. : ५०११७९३
इमेल : info@mag.org.np / mediaadvocacygroup00@gmail.com
वेबसाइट: www.mag.org.np

(यो सामागी बिश्व बैंकको नेपालमा जवाफ देहिता कार्यक्रम (PRAN) अन्तर्गत अन्तराष्ट्रिय सहयोग तथा अध्ययन केन्द्र (CECI) द्वारा संचालित कार्य सिकाइका लागि अनुदान सुबिधाबाट प्राप्त सहयोगमा कार्यान्वयन भएको योजनाको उपज हो । यस दस्ताबेजमा प्रस्तुत सूचना तथा ब्यक्त गरिएका नतिजा, ब्याख्या र निष्कर्षहरुले बिश्व बैंक, PRAN अथवा CECI का धारणालाई प्रतिबिम्बत गर्दैन् ।)

# हाम्रो भनाई

सूचना आफैँमा शक्ति हो, आत्मविश्वास हो । कुनै पनि कुरामा आफू सुसूचित हुनु र नहुनुबीच आकाश-जमिनको फरक हुन्छ । नागरिक सचेतना र सशक्तीकरणका लागि सूचना महत्वपूर्ण छ । आफ्नो देशका सार्वजनिक निकायमा कहाँ के भइरहेको छ भनेर जानकारी राख्नका लागि नेपाली नागरिकलाई कानुनी रूपमै सूचनाको अधिकार छ । नेपालमा सूचनाको हकसम्बन्धी ऐन २०६४ सालदेखि लागू भएको हो । निकै लामो सङ्घर्षपछि प्राप्त सूचनाको हकसम्बन्धी कानुन निर्माण भएपछि जनताको सुसूचित हुने अधिकार सुनिश्चित हुने अपेक्षा गरिएको थियो । तर सूचनाको हकसम्बन्धी कानुनको प्रयोगबारे जनस्तरमा जानकारीको कमीका कारण अपेक्षित लक्ष हासिल गर्न सकिएको छैन । सूचनाको हकको प्रयोगले सुशासन, पारदर्शिता र जवाफदेहीलाई बढावा दिन्छ ।

नेपाली नागरिकले सरकारी निकायबाट मात्र होइन, कुनै पनि सार्वजनिक निकायबाट सार्वजनिक सरोकारका सूचनाका साथै आफ्नो सरोकारका सूचना माग्न सक्छन् । ती सूचनाका अभिलेख जाँच्न र प्रतिलिपि लिन सक्छन् । सूचनाको हकसम्बन्धी कानून लागू भएपछि अब कुनै पनि सरकारी र सार्वजनिक निकायको काम गोप्य हुँदैन । यद्यपी हामीकहाँ कुनै महत्वपूर्ण सार्वजनिक पदको बहाली गर्दा गोपनीयताको शपथ खाने प्रचलन छ । तर, सूचनाको हकको अवधारणा भने पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गर्नु हो । समयसँगसँगै अब शपथको संस्कृतिलाई पनि गोपनीयताबाट पारदर्शितातर्फ रूपान्तरण गर्नु आवश्यक देखिन्छ ।

नागरिकको सूचनाको हकबारे सर्वसाधारणमा जानकारी गराई यसको प्रयोगलाई व्यापक बनाउनका लागि यो सूचना सामग्री प्रकाशित गरिएको हो । सूचनाको अधिकारको विषयलाई व्यापकता दिन सञ्चारमाध्यमको भूमिकालाई समेतलाई मध्यनजर गर्दै नागरिकलाई लक्षित गरी निर्माण गरिएको यो सामग्रीले सूचनाको हकको प्रयोगबारे नागरिक तहमा सचेतना जगाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास हामीले लिएका छौँ । सामग्री निर्माणमा महत्वपूर्ण सहयोग पुऱ्याउनुभएकोमा वरिष्ठ पत्रकार धर्मेन्द्र झाप्रति आभार व्यक्त गर्दछु । यस कार्यमा हामीसँग सहकार्य गर्ने PRAN र CECI प्रति हामी आभारी छौँ ।

**बबिता बस्नेत**
अध्यक्ष
मिडिया एड्भोकेसी ग्रुप (म्याग)

# विषयसूची


- सूचनाको अर्थ ..... १
- पहिलेका कुरा ..... २
- अधिकारको रूपमा सूचनाको पृष्ठभूमि ..... ३
- सूचनाको हकको पृष्ठभूमि ..... ४
- सूचनाको हकसम्बन्धी ऐन ..... ४
- सूचनाको हकसम्बन्धी नियमावली ..... ५
- सूचनाको हकको महत्व ..... ५
- सूचनाको हकभित्र के-के पर्छ ? ..... ८
- सूचना कहाँ माग्ने ? ..... ९
- सार्वजनिक निकाय भनेका के-के हुन् ? ..... ९
- सूचना अधिकारी को हुन् ? ..... १२
- सूचना कसरी माग्ने ? ..... १३
- सूचनाका लागि दस्तुर ..... १५
- सूचना माग गर्ने निवेदनको ढाँचा ..... १६
- कार्यालय प्रमुखलाई दिने उजुरीको ढाँचा ..... १७
- राष्ट्रिय सूचना आयोगसमक्ष दिने उजुरीको ढाँचा ..... १८
- सूचना पाएर के हुन्छ ? सूचनाले के गर्छ ? ..... २१
- सूचना नपाए कहाँ जाने ? ..... २२
- राष्ट्रिय सूचना आयोग ..... २३
- राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार ..... २३
- अद्यावधिक र स्वत: सार्वजनिक गर्नुपर्ने सूचनाहरू ..... २५
- के सबै सूचना पाइन्छ ? ..... २७
- सूचनाको हक हामीले कहाँ-कहाँ प्रयोग गर्न सक्छौं ? ..... २८
- हामी के गर्न सक्छौं ? ..... ३०
- सफल प्रयोगका केही उदाहरण ..... ३१
- अन्य देशमा के भइरहेको छ ? ..... ३३
- सूचनाको हकको सिद्धान्त ..... ३६

## सूचनाको अर्थ

नेपाली शब्दकोशका अनुसार सूचनाको अर्थ सम्बन्धित सबैलाई केही कुरा थाहा दिने काम, सम्बद्ध व्यक्तिहरूलाई बोध गराउन भनिने कुरो या जानकारी हो । यस अर्थमा सूचनाको हकको अर्थ जानकारीको हक हो या जान्न पाउने अधिकार हो ।

सूचनाको हकसम्बन्धी ऐनको दफा २ को 'ख'अनुसार सूचना भन्नाले सार्वजनिक निकायबाट सम्पादन हुने वा भएको सार्वजनिक महत्वको काम, तत्सम्बन्धी कारबाही वा निर्णयसँग सम्बन्धित कुनै लिखित सामग्री वा जानकारी सम्झिनुपर्छ ।



## पहिलेका कुरा

परापूर्वकालदेखि नै सूचना लिने र दिने धेरै प्रकारका अभ्यास भएका पाइन्छन् । विभिन्न धार्मिक ग्रन्थमा उल्लिखित कथाहरूमा कसैले गलत सूचनाका आधारमा गरेका फैसला या वास्तवमा के भएको थियो भन्ने कुराको जानकारीबिना नै गरिएका निर्णयका परिणाम अन्ततः गलत नै भएका उदाहरण पनि धेरै छन् । महाभारतमा युधिष्ठिरले द्रोणाचार्यलाई 'नरो वा कुन्जरो अस्वस्थामा हतोहत' भनेर गोलमटोल सूचना दिई शोकमा पारेर उनका छोरा अश्वस्थामाको हत्या गरेको घटनाले गलत सूचना कति घातक कुरा हो भन्ने कुरालाई प्रमाणित गर्छ । परापूर्वकालमा मात्र नभएर राणाशासन र त्यसपछिका वर्षहरूमा पनि राजकाज गर्नेहरूबीच व्यक्तिगत रूपमै विश्वासका आधारमा सूचना लिएको र दिएको देखिन्छ । तिनै पुष्ट/अपुष्ट सूचनाका आधारमा यो मुलुकमा धेरैले ज्यान गुमाए, कति जेल गए र कति बेघरबार बन्न पुगे । आफ्ना परिवारका सदस्यमाथि या आफूले आदर्श मानेका व्यक्तिउपर किन अन्याय गरियो भन्ने कुराको जवाफ नपाउँदै धेरैले यो संसार छोडेर गइसके ।


पञ्चायतकालमा तात्कालीन अभियानकर्ता रूपचन्द्र विष्टले चलाएको 'थाहा' आन्दोलनलाई नागरिकको सूचनाको हकबारे चेतना अभियानका रूपमा लिन सकिन्छ । जनताले हरेक कुराको जानकारी प्राप्त गर्नुपर्छ भन्ने मान्यता राख्नुहुने उहाँले 'थाहा चाहियो' या 'थाहा' भनेर विभिन्न सार्वजनिक स्थानमा लेख्नेसमेत गर्नुभएको थियो ।



## अधिकारको रूपमा सूचनाको पृष्ठभूमि

मुलुकमा भएका विभिन्न समयका राजनीतिक परिवर्तनसँगै जनताका आधारभूत अधिकारका कुरा आए । अधिकारको पहिचान गरी ०४६ को प्रजातन्त्रपछि सरकारले विभिन्न विषयमा कानुन नै निर्माण गरेको छ । यसबीचमा अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सन्धि, महासन्धि र सम्झौतामा पनि सरकारले प्रतिबद्धता जनाएको छ । ०४७ को संविधानले सूचनाको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको थियो । संवैधानिक व्यवस्था भए पनि ऐन नहुँदा जनताको सूचनाको हक संरक्षित हुने स्थिति नभएपछि नेपाल पत्रकार महासङ्घको नेतृत्वमा पत्रकारले ऐनको पक्षमा वकालत मात्र गरेनन् गैरसरकारी विधेयक ल्याउन पनि भूमिका निर्वाह गरे ।

कतिपय मानिसलाई सूचनाको हकको कुरा त पत्रकार या सञ्चारकर्मीका लागि मात्रै हो भन्ने भ्रम पनि छ । तर, पत्रकारका लागि मात्र नभएर सूचनाको अधिकार यो देशका नागरिक सबैका लागि हो । सूचनाको हक भनेको नागरिकको जानकारी प्राप्त गर्ने अधिकार हो ।



## सूचनाको हकको पृष्ठभूमि

०४७ को संविधानले सूचनाको हकलाई मौलिक हकको रूपमा उल्लेख गरेको भए पनि यसको कानुन भने बन्न सकेन । यसबीचमा केही प्रयास भए तापनि त्यसले परिणाममै सफलता भने पाउन सकेन । ०६२/६३ को जनआन्दोलनपछिको अन्तरिम संविधान ०६३ को धारा २७ मा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना पाउने हक हुनेछ' भनी उल्लेख गरियो ।

## सूचनाको हकसम्बन्धी ऐन

अन्तरिम संविधानमा भएको सूचनाको हकसम्बन्धी व्यवस्थालाई लिएर सूचनाको हकसम्बन्धी कानुन बन्नुपर्ने कुरा टड्कारो रूपमा उठेपछि सूचनाको हकसम्बन्धी विधेयक मस्यौदा गर्नका लागि सरकारले कार्यदल गठन गऱ्यो । कानुनविद् काशीराज दाहालको संयोजकत्वमा गठित उक्त कार्यदलमा पत्रकारहरू तारानाथ दाहाल, शिव गाउँले, बबिता बस्नेत, बालकृष्ण चापागाईं र मुरारी शर्मा सदस्य थिए । ०६४ साउन २ गते व्यवस्थापिका संसद्ले सूचनाको हकसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक पारित गऱ्यो । ऐनमा राखिएको प्रावधानअनुसार, ०६४ भदौ



३ देखि सूचनाको हकसम्बन्धी ऐन नेपालमा लागू भयो । सूचनाको हकसम्बन्धी ऐनमा ३८ वटा दफा र १ अनुसूची रहेको छ ।

## सूचनाको हकसम्बन्धी नियमावली

०६५ माघ २७ गते सरकारले सूचनाको हकसम्बन्धी नियमावली जारी गरेको हो । नियमावलीमा २५ वटा नियम र १ अनुसूची रहेका छन् ।

## सूचनाको हकको महत्व

कुनै पनि विषयमा सुसूचित हुनु र नहुनुले मानिसको जीवनमा निकै ठूलो फरक पार्छ । आफूलाई कुनै कुराको जानकारी छ भने सबैका सामु यो त यस्तो हो भन्न सकिन्छ । आफ्नो गाउँ-ठाउँमा के भइरहेको छ ? विकासका काम कसरी भइरहेका छन् ? भएका छैनन् भने किन भएका छैनन् ? जस्ता सार्वजनिक सम्पूर्ण कुरा जान्न पाउने हक नागरिकलाई छ । सूचना शक्ति र आत्मविश्वास पनि हो । सही सूचना प्राप्त गर्न सके मात्रै कुनै पनि गलत कुराको विरोध र सही कुराको समर्थन गर्न सकिन्छ । त्यसैले सूचना आफैँमा महत्वपूर्ण कुरा हो ।



हामीले हिंड्ने सडक बन्दा कति पैसा खर्च भयो ? या वर्षौंदेखि सडक कच्ची नै छ, किन ? हाम्रो स्वास्थ्यचौकीमा कति औषधि आउँछ ? के ती सबै औषधि सर्वसाधारणले प्रयोग गर्न पाइरहेका छन् ? पाएका छैनन् भने किन ? नगरपालिका, गाउँ विकास समिति या अन्य निकायमा कति बजेट आउँछ ? के सबै वृद्धवृद्धा, अपाङ्ग, एकल महिला या अन्य सामाजिक सुरक्षा प्राप्त गर्ने वर्गले राज्यले छुट्याएको सामाजिक सुरक्षा भत्ता पाइरहेका छन् ? नपाएका भए किन ? उनीहरूका नाममा आएको पैसा कहाँ गयो ? यी र यस्ता सबै कुरा जान्ने हक तपाईंलाई छ ।



सार्वजनिक निकाय भनेका सरकारी कार्यालय, संस्थान, आयोग, राज्यद्वारा गठित संस्था, ऐन-कानुनद्वारा स्थापित सङ्घसंस्था, आयोग, समिति, राज्य कोषद्वारा सहयोग प्राप्त भई सञ्चालित संस्थाहरू, राजनीतिक दल, गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू हुन् । यी सबै निकायमा हामी सूचनाको हक प्रयोग गरी सूचना माग्न सक्छौँ ।






## सूचनाको हकभित्र के–के पर्छ ?




- सार्वजनिक निकायमा भएका कुनै लिखत, सामग्री वा सम्बधित निकायको कामकारबाहीको अध्ययन वा अवलोकन गर्ने ।
- त्यस्ता निकायमा भएका लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने ।
- सार्वजनिक महत्वको निर्माणकार्य भइरहेको वा भइसकेको स्थलको भ्रमण र अवलोकन गर्ने ।
- कुनै सामग्रीको प्रमाणित नमुना सङ्कलन गर्ने ।
- कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना प्राप्त गर्ने अधिकार ।
- सार्वजनिक निकायमा श्रव्य-दृश्य सूचना प्राप्त गर्ने ।
- जुन रूपमा सूचना मागिएको हो त्यही रूपमा सूचना पाउनुपर्ने अधिकार ।


## सूचना कहाँ माग्ने ?

कुनै पनि सार्वजनिक निकायमा सूचना माग्न सकिन्छ ।


## सार्वजनिक निकाय भनेका के–के हुन् ?

सूचनाको हकसम्बन्धी ऐनको दफा २ को 'क'मा सार्वजनिक निकायको परिभाषा स्पष्ट गरिएको छ । जसअनुसार सार्वजनिक निकाय भन्नाले यी निकाय या संस्थाहरूलाई बुझाउँछ ।

- संविधानअन्तर्गतका निकाय
- ऐनद्वारा स्थापित निकाय
- नेपाल सरकारद्वारा गठित निकाय
- कानुनद्वारा स्थापित सार्वजनिक सेवा प्रदायक सङ्गठित संस्था वा प्रतिष्ठान
- प्रचलित कानुनबमोजिम दर्ता भएका राजनीतिक दल तथा सङ्गठन



- नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण रहेको वा अनुदानमा सञ्चालित वा नेपाल सरकारको अनुदान प्राप्त सङ्गठित संस्था
- नेपाल सरकार वा कानुनद्वारा स्थापित निकायले कुनै सम्झौता गरी गठन गरेको सङ्गठित संस्था
- प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नेपाल सरकार वा विदेशी राष्ट्र वा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाहरू
- नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक निकाय भनी तोकेका अन्य निकाय वा संस्था ।



तपाईंको मिहिनेतको कमाइबाट तिरेको कर राज्यले कसरी उपयोग गरिरहेको छ ? सार्वजनिक निकायमा के काम भइरहेको छ ? खर्च कहाँ र कसरी भइरहेको छ ? त्यसको हिसाबकिताब माग्ने हक तपाईंलाई छ । सबै नागरिकले प्राप्त गर्ने सूचनाको हकसम्बन्धी कानुनको प्रयोग गरेर तपाईं सुसूचित हुन सक्नुहुन्छ ।



## सूचना अधिकारी को हुन् ?

- सूचना अधिकारी सूचना दिनका लागि तोकिएका व्यक्ति हुन् ।
- सूचनाको हकसम्बन्धी ऐनको दफाले प्रत्येक सार्वजनिक निकायमा सूचना अधिकारी हुनुपर्ने व्यवस्था गरेको छ ।
- सूचना प्रवाह गर्ने प्रयोजनका लागि कार्यालयप्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमित रूपमा सूचना अधिकारीलाई उपलब्ध गराउनुपर्नेछ ।
- सूचना अधिकारीका साथै सूचना एकाइको पनि व्यवस्था गरिनुपर्छ ।
- सेवाग्राहीले देख्नेगरी सूचना अधिकारीको नेमप्लेट र कोठा हुनुपर्नेछ ।
- सूचना अधिकारीले सेवाग्राहीले मागेको सूचना नियमानुसार १५ दिनभित्र दिनुपर्नेछ ।
- सूचना दिन नमिल्ने भए त्यसको कारण दिनुपर्नेछ ।
- सूचना र कारण पनि नदिए सूचना अधिकारीलाई विभागीय कारबाहीको व्यवस्था पनि गरिएको छ ।



## सूचना कसरी माग्ने ?

### पहिलो चरण

- सूचना माग्नका लागि सबैभन्दा पहिला आफूले सूचना माग्न लागेको कार्यालयबारे जानकारी राख्नुपर्छ ।
- कार्यालयको सूचना अधिकारीकहाँ जानुपर्छ । यदि सूचना अधिकारी छैनन् भने उक्त कार्यालयका प्रमुख नै सूचना दिनका लागि जिम्मेवार हुन्छन् ।
- सूचनाका लागि ऐनको दफा ७ को कार्यविधिअनुसारको ढाँचामा निवेदन लेख्नुपर्छ ।
- यसरी दिइने निवेदनमा कसैको तोक लगाइरहनुपर्दैन । टिकट टाँस्नु पनि आवश्यक छैन ।
- सूचना अधिकारीले निवेदकले मागेको सूचना १५ दिनभित्र दिन सक्ने/नसक्नेबारे जानकारी गराउनुपर्छ । नमिल्ने भए त्यसको कारण के हो भन्ने कुरा पनि उल्लेख गर्नुपर्छ ।




**दोस्रो चरण**

- सूचना अधिकारीले सूचना नदिए वा चाहेअनुसारको सूचना नदिए वा सूचना अधिकारीले सूचना दिन नमिल्ने भनी दिएको कारणमा चित्त नबुझे कार्यालयप्रमुखसमक्ष तोकिएको ढाँचामा उजुरी दिनुपर्छ ।
- यस्तो उजुरीउपर कार्यालयप्रमुखले सात दिनभित्र कारबाही सम्पन्न गरी आवेदकलाई सूचना दिने वा दिन नमिल्ने भए सोको कारण दिनुपर्छ ।

**तेस्रो चरण**

- कार्यालयप्रमुखबाट सन्तोषजनक सूचना वा सूचना नदिनाका कारणमा चित्त नबुझे राष्ट्रिय सूचना आयोगसमक्ष तोकिएको ढाँचामा पुनरावेदन/उजुरी दिन सकिन्छ ।
- यसरी प्राप्त उजुरीमा आयोगले ६० दिनभित्र निर्णय दिनुपर्ने व्यवस्था रहेको छ ।



## सूचनाका लागि दस्तुर

- सूचना प्राप्तिका लागि दस्तुर पनि तिर्नुपर्नेछ (ऐनको दफा ८ को १, २, ३ र ४ तथा नियमावलीको नियम ४ अनुसार)
- ए फोर साइजको पहिलो पाँच पृष्ठको शुल्क तिर्नुपनै छैन । यो निःशुल्क हुनेछ

त्यसपछि तोकिएबमोजिम दस्तुर तिर्नुपर्नेछ। नियमावलीको नियम ४ ले शुल्कसम्बन्धी व्यवस्था स्पष्ट गरेको छ ।

- सामान्य आकार (ए फोर) का लागि प्रतिपृष्ठ ५ रुपैयाँ
- सामान्य आकार (ए फोर) भन्दा ठूलो आकारको प्रतिपृष्ठ १० रुपैयाँ
- डिस्केट, सीडीजस्ता विद्युतीय माध्यमद्वारा प्रदान गरिने सूचनाका लागि प्रतिडिस्केट/सीडीबापत ५० रुपैयाँ
- सार्वजनिक महत्वको निर्माणकार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घन्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघन्टा प्रतिव्यक्ति ५० रुपैयाँ



## सूचना माग गर्ने निवेदनको ढाँचा

श्रीमान् सूचना अधिकारीज्यू, मितिः २०७०/ /

(सूचना माग गरिएको कार्यालयको नाम)

...............................................

बिषयः सूचना पाउँ भन्ने बारे ।

महोदय,

उपरोक्त सम्बन्धमा मेरो जानकारी तथा अध्ययन प्रयोजनका लागि यस कार्यालयमा रहेको तपसिलका सूचनाहरू सूचनाको हकसम्बन्धी ऐन २०६४ दफा ३, बमोजिम पाउँ भनी यो निवेदन गर्दछु । साथै सूचना प्राप्त गर्न लाग्ने दस्तुर बुझाउन तयार छु ।

तपसिल

१.

२.

३.

निवेदक

-------------

नामः-

ठेगानाः-

फो नं :

## कार्यालय प्रमुखलाई दिने उजुरीको ढाँचा

श्रीमान् कायकारी प्रमुखज्यू,

(सूचना माग गरिएको कार्यालयको नाम) मितिः २०७०/ /

.......................................

विषय : उजुरी सम्बन्धमा ।

मैले त्यस कार्यालयमा मिति ०७०/००/०० मा मेरो जानकारी तथा अध्ययन प्रयोजनका लागि यस कार्यालयमा निवेदन दिएको थिएँ । सो निवेदनको दर्ता नम्बर........हो । मेरो सो निवेदनअनुसार अहिलेसम्म सूचना नपाएको हुँदा मलाई माग गरिएका सूचना उपलब्ध गराइदिनु हुन सूचनाको हकसम्बन्धी ऐनको दफा ९ (१) बमोजिम वा उजुरी गरेको छु ।

साथै सूचना माग गरिएको निवेदनको प्रतिलिपी यसैसाथ संलग्न गरेको अनुरोध छ। सूचनाको हकसम्बन्धी नियमावलीको नियम २३ को उपनियम १ र २ बमोजिम शीघ्र कारबाहीका लागि अनुरोध गर्दछु। सूचना दिन नमिल्ने भए सूचनाको हकसम्बन्धी ऐनको दफा ४ बमोजिम कारणसहितको जानकारी पत्र उपलब्ध गराउन हुन अनुरोध गर्दछु ।

निवेदक

-------------

नामः-

ठेगानाः-

फो नं :

इमेलः

## राष्ट्रिय सूचना आयोगसमक्ष दिने उजुरीको ढाँचा

**श्रीमान् प्रमुख आयुक्तज्यू,**
**राष्ट्रिय सूचना आयोग** मितिः
**कोटेश्वर, काठमाडौँ ।**

**विषयः- उजुरी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा मेरो जानकारी तथा अध्ययन प्रयोजनका लागि ................(सूचना माग गरेको कार्यालय)सँग रहेको निम्न सूचना पाउँ भनी मैले सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा ३ बमोजिम मिति २०७०/००/०० मा सूचना अधिकारीसमक्ष निवेदन दिएको थिएँ । सो निवेदनमा निम्न सूचना माग गरिएको थियोः

१)
२)
३)
४)

................(सूचना माग गरेको कार्यालय)मा दिएको निवेदनको को दर्ता नं.....हो । तर,सो निवेदनअनुरुप मागिएका सूचना ................(सूचना माग गरेको कार्यालय)का सूचना अधिकारीवाट प्राप्त भएन । सूचना प्राप्त नभएपछि(सूचना माग गरेको कार्यालय)का प्रमुखसमक्ष ऐनको दफा ९ (१) बमोजिमको उजुरी ......मा दर्ता गरिएको थियो । सोको दर्ता नम्बर .....हो । सो उजुरीमा सूचना उपलब्ध गराई पाउन अनुरोधका साथै सूचनाको हकसम्बन्धी नियमावलीको नियम २३ को उप नियम १ र २ बमोजिम कारबाहीको माग गरिएको थियो । यसैगरी, सूचना दिन नमिल्ने भए ऐनको दफा ९(४) बमोजिमको कारणसहित पत्र उपलब्ध गराउन पनि अनुरोध गरिएको थियो ।

तर, सो उजुरीका सम्बन्धमा पनि ................(सूचना माग गरेको कार्यालय)का प्रमुखबाट हालसम्म पनि कुनै सुनुवाइ भएन साथै माग गरिएबमोजिम कुनै पनि सूचना पाउन सकिएन र सूचना नदिनुको कुनै कारण र निर्णयसमेत प्राप्त हुन सकेन ।.............................................................................
(यहाँ सूचना मागकर्ताको सूचना प्राप्त हुन नसकेको भोगाइसम्बन्धी संक्षिप्त विवरण उल्लेख गर्ने )

यसले म सूचना मागकर्ताको सूचना पाउने मौलिक हकप्रति बेवास्ता गरेको ठानेको छु। तसर्थ ऐनको दफा ९(४) बमोजिमको सूचना दिन नमिल्ने कारणसहितको जानकारीसमेत प्राप्त नभएकाले, यस आयोगसमक्ष आवश्यक कारबाहीका लागि उजुरी गरेको छु । तसर्थः सूचना माग गरेको कार्यालय)को कार्यालय प्रमुख प्रत्यार्थी/विपक्षी हुने गरी यो उजुरी गरिएको छ। निज प्रत्यार्थीलाई दफा १९ को (ग), (घ) र (ङ) बमोजिम आदेश जारी गरी कानुनबमोजिमको कारबाही तथा मागिएको सूचना तत्काल उपलब्ध गराउन वा सूचना दिन नमिल्ने भए सोको कारण उपलब्ध गराउन आवश्यक आदेश गरिदिनुहुन अनुरोध छ ।

**संलग्न कागजात**

१) (सूचना माग गरेको कार्यालय)का सूचना अधिकारीलाई गरिएको निवेदन प्रतिलिपि ।

२) (सूचना माग गरेको कार्यालय)का प्रमुखलाई दिइएको उजुरीको प्रतिलिपि ।

**निवेदक**

----------------

नामः-

ठेगानाः-

फो नं.ः-

इमेलः-

**अनुसूची**

(नियम ५ को उपनियम (१) सँग सम्बन्धित)

**श्री राष्ट्रिय सूचना आयोगमा दिएको**

**पुनरावेदन**

मार्फत.........................................................कार्यालय

...............................................................पुनरावेदक

**विरुद्ध**

प्रत्यर्थी

.......................................................................

विपक्षी

**विषयः** .................................................

................................सार्वजनिक निकायको प्रमुख श्री...........................ले मिति ................ मा मलाई/हामीलाई ......................... विषयको सूचना दिन नमिल्ने गरी निर्णय गरेकोमा देहायको आधार र कारणबाट मलाई/ हामीलाई सो निर्णयमा चित्त नबुझेको हुँदा ऐनको म्याद ३५ दिनभित्र यो पुनरावेदन गर्दछु/गर्दछौं ।

(क)

(ख)

(ग)

(घ)

माथि लेखिएको बेहोरा ठीक साँचो हो, झुट्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला ।

**संलग्न कागजात**

(क) सार्वजनिक निकायको प्रमुखले गरेको निर्णयको प्रतिलिपि ।

(ख)

(ग)

पुनरावेदकको सही

इति सम्वत्................साल............महिना...........गते रोज ......शुभम् ।

## सूचना पाएर के हुन्छ ? सूचनाले के गर्छ ?

- सूचनाले मानिसलाई अरूका सामु प्रमाणसहित आफ्ना कुरा राख्न सक्ने बनाउँछ ।
- के कुरामा आफूले आवाज उठाउन लागेको हो या के काम गर्न लागेको हो, त्यसबारे जानकारीयुक्त बनाउँछ ।
- अधिकार सुनिश्चितताका लागि सूचना नागरिकको अधिकार हो ।
- आफूसँग सम्बद्ध विषयबारे जानकारी प्राप्त गराउँछ ।
- सार्वजनिक निकायलाई उत्तरदायी र जिम्मेवार बनाउनका लागि सूचनाको आवश्यकता पर्छ ।
- शासनका अङ्ग र सार्वजनिक निकायलाई पारदर्शी बनाउनका लागि सूचनाले मद्दत गर्छ ।
- लोकतन्त्रलाई स्थानीय स्तरदेखि नै संस्थागत गर्न सूचनाको महत्व छ ।
- शासनका विविध निकायका कामकारबाहीमा आमनागरिकलाई प्रत्यक्षतः सहभागी गराउन सूचना आवश्यक छ ।
- भ्रष्टाचार र अनियमितता नियन्त्रण गर्न सूचना महत्वपूर्ण कुरा हो ।
- सार्वजनिक निकायका कामकारबाहीको नागरिकस्तरमा अनुगमन प्रक्रियालाई सुनिश्चित गर्न सूचनाको भूमिका छ ।
- नागरिकलाई वास्तविक अर्थमा सम्प्रभुसम्पन्न बनाउन सूचना दह्रो खम्बा हो ।
- विकास-निर्माणका प्रक्रियालाई प्रभावकारी ढङ्गले सञ्चालन गर्न र पारदर्शिताका लागि सूचनाले महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।

## सूचना नपाए कहाँ जाने ?

- सूचना अधिकृतले सूचना उपलब्ध नगराएमा सूचना उपलब्ध गराउन सक्दिनँ भनेको मितिले सात दिनभित्र कार्यालयप्रमुखसमक्ष उजुरी दिन सकिन्छ ।
- सूचना नदिएको देखिएमा कार्यालयप्रमुखले सूचना अधिकारीलाई सूचना दिन आदेश दिनुपर्नेछ ।
- यदि जानी-जानी वा बदनियतपूर्वक सूचना नदिएको या दिन अस्वीकार गरेको पाइएमा सूचना अधिकारीलाई विभागीय कारबाहीसमेत हुनेछ ।
- यदि सूचना दिन नमिल्ने भएकै कारणले नदिइएको भए कार्यालयप्रमुखले सोही व्यहोराको निर्णय गरी कारणसहित त्यसको जानकारी निवेदकलाई दिनुपर्छ ।
- कार्यालयप्रमुखले गरेको निर्णयउपर चित्त नबुझेमा त्यस्तो निर्णयको जानकारी पाएको मितिले ३५ दिनभित्र राष्ट्रिय सूचना आयोगसमक्ष उजुरी र पुनरावेदन दिन सकिन्छ ।
- आयोगले पुनरावेदन परेको ६० दिनभित्र सो पुनरावेदनका सम्बन्धमा आवश्यक कारबाही गरी अन्तिम निर्णय लिनुपर्ने व्यवस्था ऐनमा गरिएको छ ।



## राष्ट्रिय सूचना आयोग

सूचनाको हकसम्बन्धी ऐनको दफा ११ ले राष्ट्रिय सूचना आयोगको व्यवस्था गरेबमोजिम राष्ट्रिय सूचना आयोगको गठन भएको छ। आयोगको मुख्य काम सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नु रहेको छ। आयोगमा एकजना प्रमुख आयुक्त र दुईजना आयुक्त रहने व्यवस्था छ।

## राष्ट्रिय सूचना आयोगको काम, कर्तव्य र अधिकार

- सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनासम्बन्धी अभिलेख तथा अन्य सामग्रीको अध्ययन तथा अवलोकन गर्ने
- त्यस्तो निकायमा रहेको अभिलेख, लिखत वा अन्य सामग्रीसम्बन्धी सूचना सूचीकृत गरी मिलाई राख्न आदेश दिने
- नागरिकको जानकारीका लागि सूचना सार्वजनिक गर्न सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने



- समय किटान गरी निवेदकले माग गरेको सूचना दिन सम्बन्धित सार्वजनिक निकायलाई आदेश दिने
- यस ऐनबमोजिमको दायित्व पालना गर्न/गराउन सम्बन्धित पक्षलाई आदेश दिने
- नेपाल सरकार तथा सूचना तथा सञ्चारसँग सम्बन्धित विभिन्न निकायलाई सूचनाको हकको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक सुझाव दिने वा सिफारिस गर्ने
- सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्न आवश्यक पर्ने अन्य उपयुक्त आदेश दिने

प्रमुख सूचना आयुक्त र सूचना आयुक्तहरूको नियुक्तिका लागि व्यवस्था गरिएको सिफारिस समितिमा सभामुख अध्यक्ष, सूचना तथा सञ्चारमन्त्री या राज्यमन्त्री सदस्य र नेपाल पत्रकार महासङ्घका सभापति सदस्य रहने व्यवस्था गरिएको छ ।



## अद्यावधिक र स्वतः सार्वजनिक गर्नुपर्ने सूचनाहरू

ऐनको दफा ५ को १, २, ३ र ४ ले सार्वजनिक निकायले स्वतः सार्वजनिक गर्नुपर्ने सूचनाबारे स्पष्ट गरेको छ। जसअनुसार,

- सार्वजनिक निकायले आफ्ना निकायसँग सम्बन्धित सूचना अद्यावधिक गर्नुपर्छ
- सार्वजनिक निकायले सम्भव भएसम्म यो ऐन लागू हुनुभन्दा कम्तीमा २० वर्षअघिसम्मका आफ्ना निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नुपर्ने



**सार्वजनिक निकायले आफ्ना निकायसँग सम्बन्धित निम्न सूचना प्रत्येक तीन महिनामा सार्वजनिक गर्नुपर्नेछ**


- निकायको स्वरूप र प्रकृति
- निकायको काम, कर्तव्य र अधिकार
- निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य-विवरण
- निकायबाट प्रदान गरिने सेवा
- सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी
- सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
- निर्णय गर्ने प्रक्रिया र अधिकारी
- निर्णउपर उजुरी सुन्ने अधिकारी
- सम्पादन गरेको कामको विवरण
- सूचना अधिकारी र प्रमुखको नाम र पद
- ऐन, नियम, विनियम वा निर्देशिकाको सूची
- आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण
- तोकिएबमोजिमका अन्य विवरण



## के सबै सूचना पाइन्छ ?

सूचनाको हकसम्बन्धी ऐनको दफा ३ ले निम्न विषयमा सूचना प्रवाह नगरिने उल्लेख गरेको छ । यी विषयमा सूचना लिन र दिन सकिँदैन ।

- नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति-सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने,
- अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने,
- आर्थिक, व्यापारिक तथा मौलिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने,
- विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने,
- व्यक्तिगत गोपनीयता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुर्‍याउने ।



## सूचनाको हक हामीले कहाँ–कहाँ प्रयोग गर्न सक्छौँ ?

**(जानकारी पाउनुपर्ने कुराहरू के–के हुन्)**

- जनताले तिरेको कर या तिरो कसरी खर्च हुन्छ ? हिसाब पाउनु नागरिकको अधिकार हो ।
- राज्यका सुविधा कसरी वितरण हुन्छ ? कहाँ-कहाँ हुन्छ ? कस-कसले र किन पाउँछन् ?
- सरकारी निकायका कर्मचारीले जनताले तिरेकै करबाट पारिश्रमिक पाउँछन्, उनीहरू जनताप्रति जिम्मेवार हुनुपर्छ, छन् कि छैनन् ?
- सडक किन बन्दैन, बने पनि किन कमजोर बन्छ ? यसका लागि कति पैसा आयो र कति खर्च भयो ?




- कृषिका नाममा कति बजेट छ ? कृषि विकासका लागि आवश्यक कार्य किन हुँदैनन् ? आएको बजेट कसरी खर्च भइरहेको छ ?
- विकास निर्माणका योजना कसरी बन्छन् ? त्यस्ता योजना निर्माणमा नागरिक सहभागिता भएको छ कि छैन ? छैन भने किन ?
- गाउँ या सहरको विकासका लागि आएका परियोजनाका काम पारदर्शी छन् कि छैनन् ? यदि त्यस्ता काममा अनियमितता भएको भए दोषीलाई कारबाही भएको छ कि छैन ? नभएको भए किन ?
- सर्वसाधारणले उज्यालो पाऊन् भनेर बिजुलीको पोल छ तर बिजुली किन बल्दैन ?
- देशको नागरिक भएका हैसियतले सबैले राज्यले प्रदान गरेका सुविधाको समान उपयोग गर्न पाउनुपर्ने हो, तर किन त्यसो हुँदैन ?
- नागरिक किन बेरोजगार छन् ? रोजगारी उपलब्ध गराउनुपर्ने राज्य यो विषयमा किन मौन छ ?
- सबैले शिक्षा प्राप्तिको अवसर किन पाइरहेका छैनन् ?
- भ्रष्टाचारीलाई किन कारबाही हुँदैन ? सुशासन किन कायम हुन सकिरहेको छैन ? दोषी को हो ?
- स्वास्थ्य उपचारमा किन समस्या हुन्छ ? किन अस्पतालमा स्वास्थ्यकर्मी, औषधि र उपचारयन्त्र एवम् सामग्री उपलब्ध हुँदैनन् ?
- राज्यबाट जनता किन उपेक्षित छन् ?

यी र यस्ता अन्य विषय जान्न पाउने पूर्ण अधिकार जनतालाई छ ।

## हामी के गर्न सक्छौँ ?

### हाम्रो भूमिका के हुन सक्छ ?

- सूचना माग गर्ने, सूचनाका लागि निवेदन दर्ता गर्ने र अरूलाई पनि सूचना माग्न प्रेरित गर्ने ।
- सूचना मागको प्रक्रियाबारे जानकारी गराउने ।
- सूचनाको अर्थ र महत्वबारे आमव्यक्तिलाई बुझाउने ।
- सचेतनासम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्ने/प्रचार-प्रसार गर्ने ।
- सार्वजनिक निकायप्रति खबरदारी गर्ने ।
- सामाजिक परीक्षण र सुनुवाइका क्रममा औजारका रूपमा प्रयोग गर्ने ।



## सफल प्रयोगका केही उदाहरण


- ०६० सालको कुरा हो । लमजुङ जिल्लाका जिल्ला न्यायाधीश चन्द्रदेव जोशीलाई तत्कालीन श्री ५ को सरकारले एक्कासि बर्खास्त गर्‍यो । आफूलाई किन बर्खास्त गरियो भन्ने कुरा जान्नका लागि उनले त्यतिबेला सर्वोच्च अदालत, न्यायपरिषद् हुँदै आफूभन्दा वरिष्ठ न्यायाधीशदेखि प्रधानन्यायाधीशसम्म धेरैलाई सोधे, तर जवाफ पाएनन् । जति प्रयास गर्दा पनि केही नलागेपछि सूचनाको हकअन्तर्गत उनले जानकारी प्राप्त गर्नका लागि निवेदन हाले । सूचना आयोगको पहलमा भेटिएको कागजपत्रमा बर्खास्तीको कारणमा 'अशिष्टता व्यक्त गरेको' भन्ने उल्लेख गरिएको रहेछ । अशिष्टताको कुनै प्रमाण नभएकाले कारबाही बदर हुन्छ भन्ने निर्णय भयो । उनले न्यायाधीश पदमा पुनर्वहाली भएर काम गरे । फ्रिडम फोरमले निर्माण गरेको भिडियोमा उनले भनेका छन्, 'सूचनाको हकको प्रयोगले मैले गुमाएको पद, प्रतिष्ठा सबै पाएँ ।'

- ०६५ सालमा हत्या गरिएका कैलालीका पत्रकार जेपी जोशीको मुद्दामा सूचनाको हकको प्रयोग गरेपछि उनको मुद्दा अनुसन्धानका नाममा खर्च भएको पैसाको हिसाबकिताब सार्वजनिक हुनुको साथै परिवारले क्षतिपूर्तिस्वरूप १० लाख रुपैयाँ राज्यबाट प्राप्त गरेका थिए ।

- ०६८ को कुरा हो । राजधानीलगायत मुलुकका विभिन्न भागमा पेट्रोलियम पदार्थको चरम अभाव थियो । उक्त अभावलाई लिएर तत्कालीन अपूर्तिमन्त्री लेखराज भट्टले निःशुल्क तेल दिने प्रचलनले गर्दा निगम घाटामा गएको अभिव्यक्ति दिए । त्यही अभिव्यक्तिलाई आधार बनाएर फ्रिडम फोरमका अध्यक्ष तारानाथ दाहालले त्यसरी सित्तैमा तेल लिने को-को रहेछन् ? के आधारमा उनीहरूलाई तेल दिइँदोरहेछ भनेर सूचनाको हकसम्बन्धी कानुनको प्रयोग गरी सूचनाको माग गरे । सूचना प्राप्त भएर तेल लिनेहरूको सूची सार्वजनिक भएपछि निःशुल्क तेल वितरण गर्ने प्रचलनको अन्त्य भयो ।

- ०६९ साल जेठ ३० गते एसएलसीको परिणाम आएपछि संगम विश्वकर्मा निराश भए । विशिष्ट श्रेणी प्राप्त गर्ने अपेक्षा गरिरहेका उनले गणितमा ३२ नम्बर पाएको देखेपछि परीक्षा नियन्त्रण कार्यालयसमक्ष सूचनाको हक प्रयोग गरी आफूले लेखेको उत्तरपुस्तिका हेर्न पाउनुपर्ने माग राखे । उनले ९७ नम्बर ल्याएका रहेछन् ।

- ०६७ सालमा तत्कालीन अर्थमन्त्री भरतमोहन अधिकारीको अवाञ्छित दबाबका कारण अर्थसचिव रामेश्वर खनालले सचिव पदबाट राजीनामा दिएको कुरा बाहिर आयो । राजस्व अनुसन्धान विभागले गरेको मूल्य अभिवृद्धि कर भ्याट छलीसँग सम्बन्धित प्रतिवेदन र त्यसको कारबाही प्रक्रियालाई लिएर सचिव र मन्त्रीबीच मनमुटाव भएको कुरा समाचारमा आएपछि उक्त प्रतिवेदन किन सार्वजनिक भएन ? भ्याट छल्नेमा कस-कसको नाम थियो ? र कति भ्याट लिएको छ ? भन्ने कुराको माग राख्दै फ्रिडम फोरमले सूचना माग गर्‍यो । सूचनाको हकको प्रयोग गरी मागिएको सूचनापछि पाँच सय १८ वटा व्यापारिक फर्म कारबाहीमा परे भने राज्यलाई सात अर्ब राजस्व प्राप्त भयो । सूचनाको हकको प्रयोगका सम्बन्धमा यो निकै चर्चित र सफल घटना हो ।



## अन्य देशमा के भइरहेको छ ?

कानुन नै बनाएर सूचनाको हकको प्रयोग गर्ने पहिलो मुलुक स्वीडेन हो । सन १७६६ मा स्वीडेनमा सूचनाको हकको कानुन बनेर लागू भएको थियो । सूचनाको हकको प्रयोगमा युरोप निकै अगाडि छ । यस्तै सन् १८८८ मा कोलम्बिया, १९६६ मा संयुक्त राज्य अमेरिकामा सूचनाको हकसम्बन्धी कानुन बनेको थियो । अहिले अस्ट्रेलिया, क्यानडा, न्युजिल्यान्ड, थाइल्यान्ड, पेरू, बेलायत, भारत, चीन, बंगलादेशलगायत एक सयभन्दा बढी मुलुकमा यो कानुनको प्रयोग भइरहेको छ । दक्षिण एसियामा नेपाल, भारत, बंगलादेश र पाकिस्तान गरी चारवटा मुलुकमा मात्र सूचनाको हकसम्बन्धी कानुन छ । पाकिस्तानमा २००२ मा, भारतमा २००५ मा, नेपालमा २००७ मा बंगलादेशमा सन् २००९ मा सूचनाको हकसम्बन्धी कानुन बनेको हो ।

## सूचनाको हकको सिद्धान्त

- सूचनाको अधिकार व्यक्तिको आधारभूत अधिकार हो ।
- सूचनाको पहुँच नियम हो भने गोप्यता अपवाद मात्र हो ।
- सबै सार्वजनिक निकायका विरुद्धमा सूचनाको हक लागू हुन्छ ।
- सूचना माग्ने प्रक्रिया सरल र निःशुल्क हुनुपर्छ ।
- सूचना मागकर्तालाई सहयोग गर्नु सार्वजनिक अधिकारीको कर्तव्य हो ।
- सूचना नदिने निर्णयको वस्तुनिष्ठ आधार औचित्यपूर्ण हुनुपर्छ ।
- सार्वजनिक हितले गोप्यताको दाबी अन्त्य गर्छ ।
- सूचना नदिने निर्णयविरुद्ध पुनरावेदनको अवसर हुनुपर्छ ।
- सार्वजनिक निकायले स्वतस्फुर्त रूपमा आधारभूत सूचना प्रकाशन गर्नुपर्छ ।
- सूचनाको हकको संरक्षण एक स्वतन्त्र निकायबाट गरिनुपर्छ ।